प्रदेश सरकार
लुम्बिनी प्रदेश

# शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय

मुकाम बुटवल, नेपाल

पत्र संख्या: ०७८/०७९
चलानी नं.:

## स्वयंसेवक पदमा पुनः दर्खास्त आब्हान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०७८।१२।२४

शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय, लुम्बिनी प्रदेश, मुकाम बुटवलको आर्थिक वर्ष २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्वयंसेवक परिचालन कार्यकारी समितिको २०७८।१२।२४ को निर्णय अनुसार राष्ट्रिय विकास स्वयंसेवक सेवा र मुख्यमन्त्री प्रदेश स्वयंसेवक परिचालन कार्यक्रमका विभिन्न सेवाका तपसिलका स्वयंसेवक पदहरुमा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका उम्मेदवारहरुबाट तपसिल बमोजिम पुनः दरखास्त आव्हान गरिएको छ।

२०७८।१२।२४
विष्णु प्रसाद पन्थी
शाखा अधिकृत

राष्ट्रिय विकास स्वयंसेवक कार्यक्रम अन्तर्गत

| क्रस | पद | विज्ञापन नंवर | सेवा/समूह | पदस्थापना हुने निकाय/कार्यालय/जिल्ला | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अहेव | ५०२/०७८-७९ | स्वास्थ्य | मानवसेवा आश्रम दाङ | १ | अन्तर्वार्तामा सबै उम्मेद्वार अनुपस्थित रहेकोले |
| २ | अहेव | ५०३/०७८-७९ | स्वास्थ्य | रुकुमकोट अस्पताल रुकुमपूर्व | १ | |
| ३ | अहेव | ५०४/०७८-७९ | स्वास्थ्य | निलसागर आश्रम बाँके | १ | |
| ४ | अहेव | ५०५/०७८-७९ | स्वस्थ्य | पाल्हिनन्दन प्रा.स्वा. चौ. नवलपरासी | १ | |
| ५ | अहेव | ५०६/०७८-७९ | स्वस्थ्य | लाहापे स्वास्थ्यचौकी बंगलाचुली दाङ | १ | |
| | जम्मा | | | | ५ | |

प्रदेश मुख्यमन्त्री स्वयंसेवक परिचालन कार्यक्रम अन्तर्गत

| क्रस | पद | विज्ञापन नंवर | सेवा/समूह | पदस्थापना हुने निकाय/कार्यालय/जिल्ला | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय अनमी | ६१७/०७८-७९ | स्वास्थ्य | सिद्धार्थ मावि पाल्हिनन्दन ३ नप पश्चिम | १ | दरखास्त प्राप्त नभएको |
| २ | मेडिकल | ७०१/०७८- | स्वास्थ्य | भिङ्ग्री प्रा.स्वा.के. | १ | दरखास्त |

पत्र संख्याः ०७८/०७९
चलानी नं.:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अधिकृत | ७९ | | प्युठान | | प्राप्त नभएको |
| ३ | मेडिकल अधिकृत | ७०२/०७८-७९ | स्वास्थ्य | राजापुर प्रा.स्वा.के. बर्दिया | १ | दरखास्त प्राप्त नभएको |
| ४ | खेलकूद शिक्षक | १३०१/०७८-७९ | खेलकूद | हाजी ऐनायतुल्लाह मावि- रुपन्देही | १ | दरखास्त प्राप्त नभएको |
| ५ | कुस्ती प्रशिक्षक | १४०२/०७८-७९ | खेलकूद | सुस्ता गापा रुपन्देही | १ | दरखास्त प्राप्त नभएको |
| | जम्मा | | | | ५ | |

**दरखास्त दिने स्थानः** सामाजिक विकास डिभिजन कार्यालयहरु भैरहवा रुपन्देही, गजेहडा कपिलवस्तु, तुल्सीपुर दाङ, नेपालगञ्ज बाँके, बजुवार प्युठान र तानसेन पाल्पा।

दरखास्त फाराम यसै मन्त्रालयको वेवसाइट www.mosd.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ। आफ्नो योग्यता मिल्ने एक भन्दा बढी विज्ञापनमा दरखास्त दिने भएमा दरखास्त फाराममा स्पष्ट रुपमा विवरण भर्नुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः २०७८।१२। ३० ( दरखास्त दिने अन्तिम दिनमा विदा परेमा अर्को दिन भोलिपल्ट दरखास्त बुझाउन सकिनेछ)**

**दरखास्त शूल्कः** निःशुल्क

**दरखास्तका साथ पेश गर्नुपर्ने कागजातः** नेपाली नागरिकताको प्रमाणपत्र, सम्बन्धित काउन्सिल/परिषद् (आवश्यक पर्नेको हकमा) मा दर्ता भएको प्रमाण पत्र, तोकिएको न्यूनतम तथा सो भन्दा मुनिका शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम आवश्यक पर्नेमा सोको प्रमाण पत्र र समकक्षता आवश्यक पर्नेमा सोको प्रमाणपत्रको सक्कल बमोजिम नक्कल ठिक छ भनी उम्मेदवारले प्रमाणित गरेको प्रतिलिपी ।रीत नपुगेको दरखास्त जुनसुकै समयमा रद्द गर्न सकिनेछ।

**परीक्षाको किसिम र आधारः** न्यूनतम शैक्षिक योग्यता वापत ६० र अन्तर्वार्ता वापत ४० अंक हुनेछ। न्यूनतम शैक्षिक योग्यताको आधारमा छोटो सूचीमा परेका उम्मेदवार मात्र अन्तर्वार्तामा सहभागी हुन पाउने छन् ।

**अन्तर्वार्ताको स्थान र समयः** अन्तर्वार्ताको स्थान र समय छोटो सूचीको सूचना प्रकाशनको समयमा तोकिने छ।

**पदस्थापनको आधारः** अन्तिम नतिजामा प्राप्त योग्यताक्रमका आधारमा यसै सूचनामा तोकेको रिक्त निकाय/कार्यालयहरुमा पदस्थापन गरिनेछ।

**करार अवधिः** एकपटकमा ६ महिनामा नबढ्ने गरी अधिकतम २ वर्षसम्म

**नोटः** आवेदकले समान पदको कुनै एक विज्ञापनमा मात्र दरखास्त दिनुपर्नेछ।

**न्यूनतम योग्यता र सेवा सुविधाः**

**१. अहेव**

पत्र संख्याः ०७८/०७९
चलानी नं.:

- आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट CMA वा **स्वास्थ्य विषयमा** TSLC उत्तीर्ण भई सम्बन्धित परिषद्मा दर्ता भएको, प्रचलित कानुनबमोजिम सरकारी सेवाका लागि अयोग्य नठहरिएको, यस अघि राष्ट्रिय विकास स्वयंसेवक सेवामा स्वयंसेवकको रुपमा नियुक्त नभएको नेपाली नागरिक हुनुपर्ने छ ।
- मासिक निर्वाह भत्ताः रु १७०००/- र चाडपर्व खर्च वार्षिक रु ६०००/-

**२. मेडिकल अधिकृत**

- आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट **चिकित्सा विज्ञान विषयमा स्नातक** तह उत्तीर्ण भई सम्बन्धित परिषद्मा दर्ता भएको, प्रचलित कानुनबमोजिम सरकारी सेवाका लागि अयोग्य नठहरिएको, यस अघि राष्ट्रिय विकास स्वयंसेवक सेवामा स्वयंसेवकको रुपमा नियुक्त नभएको नेपाली नागरिक हुनुपर्ने छ ।
- **मासिक निर्वाह भत्ताः रु ३५०००/- र चाडपर्व खर्च वार्षिक रु ६०००/-**

**३. अनमी (विद्यालय)**

- आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट **नर्सिङ विषयमा** TSLC **उत्तीर्ण** भई सम्बन्धित परिषद्मा दर्ता भएको, प्रचलित कानुनबमोजिम सरकारी सेवाका लागि अयोग्य नठहरिएको, यस अघि राष्ट्रिय विकास स्वयंसेवक सेवामा स्वयंसेवकको रुपमा नियुक्त नभएको नेपाली नागरिक हुनुपर्ने छ ।
- मासिक निर्वाह भत्ताः रु १७०००/- र चाडपर्व खर्च वार्षिक रु ६०००/-

**४. खेलकूद शिक्षक**

- आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट **कक्षा १२ वा सो सरह उत्तीर्ण** भई प्रचलित कानून बमोजिम मान्यताप्राप्त संस्थाबाट **खेलकूद प्रशिक्षण सम्बन्धी कम्तीमा ६ महिनाको तालिम प्राप्त**, प्रचलित कानुनबमोजिम सरकारी सेवाका लागि अयोग्य नठहरिएको, यस अघि राष्ट्रिय विकास स्वयंसेवक सेवामा स्वयंसेवकको रुपमा नियुक्त नभएको नेपाली नागरिक हुनुपर्ने छ ।
- मासिक निर्वाह भत्ताः रु २००००/- र चाडपर्व खर्च वार्षिक रु ६०००/-

**५. कुस्ती प्रशिक्षक**

- आवश्यक न्यूनतम योग्यताः सम्बन्धित खेलमा प्रचलित **कानूनबमोजिम** मान्यताप्राप्त संस्थाबाट प्रशिक्षक प्रशिक्षण प्रमाणपत्र प्राप्त, प्रचलित **कानुनबमोजिम** सरकारी सेवाका लागि अयोग्य

पत्र संख्याः ०७८/०७९
चलानी नं.:

नठहरिएको, यस अघि राष्ट्रिय विकास स्वयंसेवक सेवामा स्वयंसेवकको रुपमा नियुक्त नभएको नेपाली नागरिक हुनुपर्ने छ ।

- मासिक निर्वाह भत्ताः रु २००००/-र चाडपर्व खर्च वार्षिक रु ६०००/-